# शिखर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
[illegible]ल्कोट, डोटी
सुदूर पश्चिम प्रदेश, नेपाल

E-Mail: int.shikharmunicipality@gmail.com
Web: www.shikharmun.gov.np

प.सं.:०८०/०८१
च.नं:

मिति :-२०८०/१०/२२

**साना सिचाई निर्माण मर्मत सम्भार तथा प्रवर्द्धन कार्यक्रम संचालन सम्वन्धी सूचना ।।।**

उपरोक्त सम्वन्धमा यस नगरपालिकाको आ.व ०८०/०८१ को वार्षिक स्वीकृत संघिय तथा प्रदेश सरकारको शर्सत अनुदान अन्तरगत साना सिचाई निर्माण, मर्मत सम्भार तथा प्रवर्द्धन कार्यक्रम संचालन गर्नुपर्ने भएकाले यस नगरपालिका भित्रका कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिती/ कृषि उद्यमीले तपशिलका कागजात सहित यो सूचना प्रकाशित भएको मिति १५ (पन्ध्र) दिन भित्र कार्यालयवाट निर्धारण गरिएको ढाँचामा प्रस्तावना पेश गर्नहुन यो सूचना प्रकाशित गरिएकोछ ।

(हरिश्चन्द्र शाह)
नि. प्रमुख प्रशासकिय अधिकृत

**निवेदन साथ पशे गर्नुपर्ने कागजातहरुः**

१) रु १० को हुलाक टिकट टाँस गरेको निर्धारित ढाँचाको आवेदन प्रस्तावना,
२) लाभग्राहिहरुको नेपाली नागरिकताको प्रतिलीपि,
३) कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाणको प्रतिलिपि,
४) कृषि फर्मको हकमा स्थायी लेखा नम्वर र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,
५) कार्यक्रम संचालन हुने स्थान(जग्गा/जमिन) को लालपुर्जा प्रतिलिपि,
६) कार्य समितिको निर्णय प्रतिलिपि,
७) वडा कार्यालयको सिफारिस पत्र,

**आवश्यक सर्तहरुः**

१) नविनतम प्रविधी प्रयोग हुने तथा वढी कृपकहरु लाभान्वित हुने प्रकृतीका आयोजनाहरुलाई प्राथमिकता दिईनेछ ।
२) आवेदन दिने उपभोक्ताहरु कृपि पेशा, व्यवसायमा संलग्न हुनुपर्नेछ ।
३) विगत २ आ.व. भित्र विभिन्न सरकारी तथा गैरसरकारी निकायबाट सिचाई अनुदान लिएका उपभोक्ताहरुलाई कार्यक्रममा समावेश गरिनेछैन ।
४) साना सिचाई आयोजना निर्माणवाट कम्तिमा ०.५ देखी १ हेक्टरमा थप सिचाई सुविधा विस्तार हुनुपर्नेछ ।
५) प्रत्येक सिचाई आयोजनाको अनुदान रकम कार्यविधी वमोजिम हुनेछ ।
६) वातावरणिय रुपमा असर गर्ने खालका आयोजनाहरुलाई कार्यक्रमा समावेश गरिनेछैन ।

नोटः साना सिचाई निर्माण मर्मत सम्भार तथा प्रवर्द्धन कार्यक्रम संचालन गर्न उपभोक्ताले भर्नुपर्ने आवेदन फारामा नगरपालिकाको कृषि विकास शाखाबाट प्राप्त गर्न सकिनेछ साथै यस कार्यक्रमको बारेमा थप जानकारीका लागि नगरपालिकाका कृषि अधिकृत श्री सुदरशन कठायतको मोबाईल नं. ९८४८६६२२६६ मा सम्पर्क गर्न सकिनेछ ।



Scanned with CamScanner

E-Mail : shikharmunicipality@gmail.com
E-Mail : int.shikharmunicipality@gmail.com
Web : www.shikharmun.gov.np

# शिखर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा

तल्कोट, डोटी
सुदूर पश्चिम प्रदेश, नेपाल

प.सं.:०८०/८१
च.नं:

सूचना प्रकाशित मितिः२०८०/१०/२२

शिखर नगरपालिकाको चालु आ.व. २०८०/०८१ मा शसर्त अनुदान तर्फ **प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अर्न्तगत साना व्यवसायिक कृषि उत्पादन केन्द्र (मसला बाली पकेट) विकास कार्यक्रम** संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषि समूह/सहकारी/जल/वन उपभोता समिति र कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र शिखर नगरपालिकाको कृषि विकास शाखामा तोकिएको ढाँचा (अनुसूची- १०) अनुसार आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै यस विषयमा थप जानकारीका लागि शिखर नगरपालिका कृषि विकास शाखामा सम्पर्क गर्न सकिनेछ ।

सुदर्शन कठायत
कृषि अधिकृत

हरिश्चन्द्र शाह
नि. प्रमुख प्रशासकीय अधिकृत

**निवेदन साथ पशे गर्नुपर्ने कागजातहरुः**

१) रु १० को हुलाक टिकट टाँस गरेको निवेदन,

२) कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाणको प्रतिलिपि,

३) कृषि फर्म/उद्यमिको हकमा स्थायी लेखा नम्बर र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,

४) कार्यक्रम संचालन हुने स्थान(जग्गा/जमिन) को लालपुर्जा प्रतिलिपि(कम्तिमा ७ हेक्टर) वा भाडाको जग्गा भएमा कम्तिमा ५ (पाँच) वर्षको सम्झौतानामा,

५) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि,

६) कार्य समितिको निर्णय प्रतिलिपि,

७)वडा कार्यालयको सिफारिस पत्र,



Scanned with CamScanner

शिखर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
तल्कोट, डोटी
सुदूर पश्चिम प्रदेश, नेपाल

प.सं.:०८०/८१
च.नं.

## सूचना प्रकाशित मिति:२०८०/१०/२२

शिखर नगरपालिकाको चालु आ.व. २०८०/०८१ मा नेपाल सरकार समानिकरण अनुदान तर्फ **पोलिहाउस निर्माणका लागि सत प्रतिशत अनुदानमा सिल्पाउलिन प्लाष्टिक वितरण गर्ने कार्यक्रम** संचालन गर्नुपर्ने भएकोले इच्छुक यस नगरपालिका भित्रका कृषकहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र शिखर नगरपालिकाको कृषि विकास शाखामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै म्याद नाघि आएका र प्रमाण नपुगेका निबेदन उपर कुनै पनि कारबाही नगरिने ब्यहोरा अनुरोध छ ।

संदेश काफ्ले
कृषि अधिकृत

............
हरिश्चन्द्र शाह
नि. प्रमुख प्रशासकीय अधिकृत

**आवश्यक कागजातहरु:**

१) रु १० को हुलाक टिकट टाँस गरेको निवेदन,
२) कार्यक्रम संचालन हुने स्थान(जग्गा/जमिन) को लालपुर्जा प्रतिलिपि वा भाडाको जग्गा भएमा कम्तिमा ५ (पाँच) वर्षको सम्झौतानामा,
३) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि,
४) वडा कार्यालयको सिफारिस पत्र,

नोट:छनोट भएका निवेदकहरुले प्लाष्टिक टनेल निर्माण गरिसकेपछी मात्र प्लाष्टिक वितरण गरिनेछ ।



Scanned with CamScanner